# मध्यम पुस्ता



# रेडियोका गीत र समयको फेर

**वसन्त थापा**

म जन्मिएको ठाउँ एउटा गाउँ थियो । पूर्वी नेपालको मध्यपहाडी भागको एउटा गाउँ, जो अरू धेरै गाउँहरूजस्तै पिछडिएको थियो । धनकुटा बजारबाट केही पर चुलीवनमुन्तिर हुर्हुरी हावाले सधैँ बढारिरहने डाँडामा रहेको त्यस गाउँको नाम डाँडागाउँ थियो । दरिद्रताले बास गरेको त्यस गाउँमा धेरै घर थिएनन् । जति थिए तिनमा कोही हुने खाने थिएनन् । ती बर्खदिन दस नङ्ग्रा खियाएर एक पेट पाल्नेहरू नै थिए । त्यहाँका बलौटे कान्लाहरूमा अन्नका नाममा मकै, कोदो र हिउँदेबाली हुन्थे । जीवन कठिन थियो । जीवन सूर्यको प्रकाशमा आधारित लाग्दथ्यो । सूर्य उदाउनुअघि सुरु भएको दैनिकी सूर्यास्तपछि टुङ्गिन्थ्यो ।

जुन बेला म जन्मिएँ त्यो इतिहासको सङ्क्रमणको बेला थियो । राणा शासनले अन्तिम सास फेरिरहेको थियो र प्रजातन्त्र ब्याउन लागेको थियो । तर त्यो सबै हलचलको त्यस गाउँमा कुनै प्रभाव परेको थिएन, राणा शासन सकिएर प्रजातन्त्र नामको चीज देशमा आइसक्दा पनि परेन । त्यो एउटा बेग्लै संसार

थियो– आधुनिक सभ्यताभन्दा धेरै टाढा । ती सबैबाट अछूतो । गाउँमा स्कूल थिएन । आउजाउ गर्न एक घण्टाभन्दा बढी समय लाग्ने दूरीमा पँधेरो थियो । धनकुटा बजारमा एउटा सानो सरकारी अस्पताल त थियो, तर त्यसको मुख गाउँका कसैले देखेका थिएनन् । नजिकको मोटरबाटो भेट्न पूरै एक दिन हिँडेर धरान पुग्नुपर्थ्यो ।

एकाबिहानै बास्ने भालेको डाक, त्यसका साथै तल सिरवानीको नेवार गाउँमा सुरु हुने ढिकी कुटेको आवाज, दिउँसो सुनिने चराहरूको चिरीबिरी, झाडीबाट आउने झ्याउँकिरीको झ्याउँझ्याउँ, सम्साँझै सुनिने स्यालको हुइँयाँ, राती कराउने हुचीलको हुँहुँ हामीले त्यस गाउँमा नित्य सुन्ने सङ्गीतका स्रोतहरू थिए ।

मानिसका मुखबाट फुट्ने गीतका गेडाहरू कि त मेलापातमा पसिना चुहाउने खेतालाहरूबाट कि त वन जाने गोठालागोठाल्नीहरूबाट सुनिन्थे । होइन भने दशैं तिहार या अरू चाडपर्वका अवसरमा रहुसेहरूका मुखबाट । मादल थियो सबैका घरमा बज्ने बाजा । मुरली थियो सायद अर्को बाजा, जो तन्नेरी ठिटाहरू जानीनजानी बजाउने गर्थे । स्वास्नीमानिसहरू बाँसले बनेको बिनायो र फलामको मुर्चुङ्गा ओठमा राखेर बजाउँथे ।

इटालीका मार्कोनीले आविष्कार गरेको बेतारको तरङ्ग संसारभर फैलिसकेको थियो र प्रजातन्त्रको आगमनसाथै रेडियो नेपालको स्थापना पनि भइसकेको थियो, तर मिरमिर सम्झनाको सुइरो पुग्न सक्ने मेरो प्रारम्भिक बाल्यकालमा सूचना र सञ्चारको कुनै प्रविधि म जन्मेको गाउँमा पुगेको थिएन । अखबार, बिजुली, रेडियोका कुरा त टाढाका भए, यहाँसम्म कि कसैको नाडीमा घडीसमेत नभएको निख्लाम जिन्दगी थियो त्यहाँ ।

धनकुटामा छँदा मैले देखेको अति नौलो र सङ्गीत निकाल्ने आधुनिक यन्त्र भनेको ग्रामोफोन थियो, जो मैले सिरवानीको कुनै साहूको घरमा सत्यनारायण वा यस्तै कुनै पूजाको अवसरमा फुपू र आमालाई पछ्याउँदै जाँदा देखेको मिरमिर सम्झना आउँछ । एउटा चारपाटे बाकसमा हातले खुइँखुइँ दम दिएर त्यसमाथि राखिएको कालो 'रेकाट' माथि हाँसको लामो घिच्रोजस्तो लर्कने वस्तुमा रहेको सियोले कोर्दा गीत बज्थ्यो । हुन त उसबेला हाँस पनि कहाँ देखिएको थियो र ! त्यो त पछि विराटनगरको औलमा झरेपछि देख्न पाएको थिएँ । त्यो बज्ने कालो र गोलो रेकाट देख्दा हामीलाई हामीले हिउँदमा खाने कोदाको रोटीजस्तो लागेथ्यो । ग्रामोफोनको त्यो रेकर्ड देखेपछि खानुअघि कोदाको रोटीलाई टाउकामाथि राखेर त्यसमा चोर औँला घुमाएर गीत गाउँदै मैले खेल्न सिकेको थिएँ ।

जीविकाको नयाँ उपायको खोजीमा गाउँका अरू तन्देरीहरूजस्तै मेरा बा पनि म जन्मनुअघि नै तमोर तरेर साँगुरी भञ्ज्याङ काटी मधेसतिर कतै जानुभएको थियो । त्यो ठाउँ विराटनगर रहेछ । पछि आमा र म पनि उहाँलाई पछ्याउँदै त्यहाँ गयौँ । श्रमिक बा काममा कतै जानुहुन्थ्यो, जसबारे मलाई जानकारी थिएन । हामी आमाछोरा झुप्रे डेरामा दिन बिताउँथ्यौँ । हाम्रो फूसको छाप्रे डेरा र हिमालय टाकिज नामक सिनेमाहलको दूरी धेरै थिएन । हामी बसेका ठाउँबाट पूर्वतर्फ खेतका केही आलीहरू छिचोलेपछि त्यस सिनेमाघरमा पुग्न सकिन्थ्यो । सिनेमा हेर्ने औसर त कहाँ मिल्नु ! तर साँझपख प्रचारका लागि सिनेमाहलको छानाबाट माइकमा बजाइने गीतहरू भने सित्तै र मनग्गे सुन्न पाइन्थ्यो ।

छेउका ठूल्ठूला घरबाट गीतका आवाज उम्किएर हामी हिँड्ने धुले सडकमा आइपुग्थे । सायद ती रेडियोका आवाज थिए, तर म फुच्चे रेडियो देख्न सक्दिनथेँ । मेरा कानमा केवल आवाज घन्किन्थे कुनै अदृश्य व्यक्तिले गाएको । कहिले केटा र कहिले केटीको स्वरमा सुन्थेँ– ‘दूर कोइ गाये दुनियाँ सुनाये, तेरे बिना छलिया रे’ ।

सायद मैले जिन्दगीमा पहिलो रेडियोसेट विराटनगरको बजारअड्डामा रहेको उसबेलाको नामूद ‘पानवाला ठूले’ को पानदोकानमा देखेँ होला । अहिलेको विराटनगरको ट्राफिक चोक उसबेला बजारअड्डा भनेर चिनिन्थ्यो र बजारअड्डाको आकर्षण ‘पानवाला ठूले’ को पानपसल थियो, जहाँ सुकिला लुगा लगाएका मानिसहरू साँझ बिहान जम्मा हुन्थे, पान खान्थे अनि उभिई-उभिई गफ गर्थे । स-साना रङ्गीविरङ्गी माछा खेल्ने अक्वारियमहरू राखिएको त्यस पानपसलमा शिरको जटाबाट पानीको पिच्कारी निरन्तर छाडिरहने महादेवको सानो मूर्ति थियो र सोकेशमा सजाइएका अनेक थरीका चट्टानका टुक्राहरू थिए । अनि त्यस पानपसलमा रेडियो हरदम नबिसाई बजिरहन्थ्यो । रेडियोमा बज्ने गीतहरू हिन्दी फिल्मका हुन्थे जसलाई म अलिअलि बुझ्न थालेको थिएँ ।

विराटनगरको गर्मीमा दुई या तीन वर्षात् बिताएपछि हामी सरेर धरान गयौँ । धरान सर्नुपर्ने कारण मैले बुझ्न सकेको थिइनँ । सायद विराटनगरको कष्टकर जीवन त्यसको मूल कारण थियो । तर धरानमा गएर पनि हामीले सुरुमा अर्काको घरको पिँढीलाई आफ्नो बास बनाउनु परेको थियो । त्यस पिँढीमा केही काल बिताएर सखुवाका नौओटा खाँबा गाडी धरान माथिल्लो छाताको लाइनमा सानो घर ठड्याउँदा म मुनिको भाइ जन्मिइसकेको थियो । धरानको सर्दुखोला, धनकुटाको लेउतीखोला र तमोरकोशीमा त्यसअघि कहिल्यै नआएको ठूलो बाढी आइसकेको थियो । काठमाडौँमा राजा महेन्द्रको राज्याभिषेक सम्पन्न भइसकेको थियो ।

पुरानो बजारतर्फ जाने कच्ची सडकमा खहरेको झण्डै डिलबाट सुरु भएको घरहरूको लस्करमा नयाँ थपिएको हाम्रो घर सबैभन्दा छेउमा थियो । त्यसभन्दा केही पर एउटा पाटी थियो, जहाँ एकजना बेवारिसे मान्छे मरेको धेरै भएको थिएन । त्यो पाटी र हाम्रो घरको बीचमा रुख र झाडीहरू थिए । त्यसैले त्यो पाटी र छेउका झाडीहरू हाम्रालागि अन्जान भयका मुहान थिए । बट्टाइ, कालिज र खरायो लखेट्न घरभन्दा धेरै टाढा जान पर्दैनथ्यो । सम्साँझै घर नजिकै स्याल कराउँथे ।

हामी जुन टोलमा मिसिन पुगेका थियौँ त्यसलाई माथिल्लो छाताचोक भन्थे, किनभने त्यहाँ नयाँ र पुरानो बजार छुट्टिने बीच चोकमा काठको खाँबा र टीनको छाना भएको एक मान्छे अग्लो एउटा छाता थियो । त्यस्तै छाता धरान नयाँबजारको बीचमा पनि थियो र खास छाता चोक चाहिँ त्यसलाई भनिन्थ्यो । त्यसैले हाम्रो छाता चोक बुझाउनलाई ‘माथिल्लो’ भन्ने थप विशेषण जोड्नु पर्थ्यो । त्यसको अर्को नाम खहरे चोक थियो । किनभने छेउमै खहरे खोला थियो, जो बर्खाको झरीमा गड्गडाएर बग्थ्यो र अरू बेला भने सुक्खा बगर बनेर बस्थ्यो । लक्ष्मी चोक त त्यसलाई पछि २०१६ सालमा महाकवि लक्ष्मीप्रसाद देवकाटाको स्मृतिमा टोलका अग्रज दाइहरूको अग्रसरतामा लक्ष्मी वाचनालय खुलेपछि भन्न थालिएको हो ।

धरान माथिल्लो छाताचोकमा सरेर पनि हाम्रो जीवन धनकुटा डाँडागाउँको भन्दा तात्विक रूपमा फरक थिएन । जीवन उस्तै कष्टकर र श्रमसाध्य थियो । यहाँ पनि बिजुली थिएन । टुकी र लालटिनले काम चलाउनु पर्थ्यो । हाम्रो घरै सामुन्ने बस्ने नेवार परिवार ढिकीमा चिउरा कुट्थे । एकाबिहानै कानमा पर्ने ढिकी कुटेको आवाजले धनकुटा डाँडागाउँको सिङ्गै परिवेश त्यहाँ प्रत्यारोपित भएझैँ लाग्दथ्यो । तर भिन्नताहरू पनि थिए । घरै अगाडिबाट फुस्रेसम्म जाने धुलेसडकमा एकादुई मालबाहक लरी चल्थे । ती लरीहरू फुस्रे जाँदा नुन र लत्ताकपडाका भारी बोकेर जान्थे । उताबाट फर्कंदा आलु र चिराइतोका भारीबाट लादिएर फर्कन्थे । पानी लिन पँधेरा गइरहनु पर्दैनथ्यो, त्यही चोकमा खडा रहेको छातासम्म पुगे हुन्थ्यो– त्यहाँ सार्वजनिक धारा जोडिएको थियो । सबभन्दा ठूलो फरक त छाता चोकको आफ्नो घरमा सरेपछि म बाँस्तोला बाजेको घरको भुइँतलामा चल्ने भगवती मीडिल स्कूलमा सिलोट र खरी लिएर पढ्न जान थालेको थिएँ ।

त्यस टोलमा रेडियो राख्नसक्ने हैसियत भएका केही घरहरू थिए । रेडियो हुनेका घर टाढैबाट अलग्गै छुट्टिन्थे पनि । किनभने त्यस्ता घरका धुरीमा एक

छेउदेखि अर्को छेउसम्म तामाका तारका 'एन्टेना' तानिएका हुन्थे । कसै कसैकामा एकसरो तारको ठाउँमा मसिना तारजालीको पेटारो नै धुरीमा वारपार तन्किएको देख्न सकिन्थ्यो । धुरीबाट तानिएको त्यस्तो तार २१ इन्चको टिभी जत्तिकै ठूलो बाकसजस्ता रेडियोसेटमा लगेर जोडिएको हुन्थ्यो । त्यस सेटको भुइँतिरको भागमा दायाँ बायाँपट्टि जोडिएका हाडेओखरका दानाजत्रा स्वीचहरू हुन्थे । तिनका बीचमा ब्याण्ड बदल्न थिच्नुपर्ने बटनहरूका लहर । दायाँ बायाँका स्वीचमध्ये एउटा घुमाउँदा एउटा स्टेसनबाट अर्को स्टेसन बदलिन्थ्यो । त्यसो गर्दा बोली फेरिन्थ्यो, कुरा बद्लिन्थ्यो, गीत र सङ्गीत अर्कै बज्दथ्यो । उत्रै ठूलो अर्कापट्टिको स्वीच घुमाउँदा आवाज मसिनो र ठूलो हुन्थ्यो । 'मर्फी', 'बुस', 'फिलिप्स' आदि नामका त्यस्ता रेडियो सेट घरमा राख्न सक्नेको शानै बेग्लै हुन्थ्यो ।

आफूलाई त्यो रेडियोसेटबाट निस्कने आवाज अद्‌भुत र जादुमय लाग्दथ्यो । आवाजको त्यस यन्त्रको जादुमयी प्रभावमा परेर होला म पत्रिकाहरूमा छापिएका रेडियोका विज्ञापनका तस्विरहरू हेरेर तिनको स्केच मनोयोगले आफ्नो ड्रइङखातामा सिसाकलमले उतार्थें । घरछेउ खुलेको लक्ष्मी वाचनालयमा बनारसमा छापिने हिन्दी भाषाको दैनिक *आज,* कार्टुन कमिक्स र अन्य फिल्मी म्यागेजिनहरू आउने गर्थे, जो मेरा सूचना र ज्ञानका स्रोत बनेका थिए ।

राजा महेन्द्रको धरान सवारी र नेपाली गीतहरू एकाएक चल्ती हुनुका पछाडि के सम्बन्ध थियो त्यो म भन्न सक्दिनँ । तर उनको सवारीसितै केही नेपाली गीतहरू जोडिएर आएका थिए । सवारीको क्रममा पूर्वतिरकी कुनै दलित महिला गायिकालाई तिनको गायनबाट रिझिएर राजा महेन्द्रले नगद पारितोषिकका साथै जागिर दिएको चर्चा चलेको थियो । त्यस बेलातिर 'झम्‌झम् परेली आँखैमा गाजलु सम्झने कोही छैन' भन्ने गीत खुबै चलेको थियो । त्यो गीत तिनै गायिकाले गाएकी थिइन् वा अरूले नै त्यो म यकिन साथ भन्न सक्तिनँ । तर उनले पाएको पुरस्कारको चर्चा र त्यस गीतको चल्ती लगभग एकै समयमा भएको थियो । त्यसैले होला मेरो मनमा अहिले नाम बिर्सिएको तिनै गायिकाले त्यो गीत गाएको भन्ने परेको थियो । त्यस बेला चलेकामा धर्मराज थापाले गाएका 'नेपाली कहाँ गयो', 'लैजाने हो नौलो नयाँ बाटो' भन्ने गीतहरू थिए । हामीभन्दा जेठापाकाहरूका मुखमा 'पहाड बसी वनमा खेली' गीत पनि झुण्डिएको थियो । त्यसको केहीपछि 'तिरीरी मुरली बज्यो' गीत पनि खुबै चल्यो । ती गीतहरू त्यसरी फैलिनुमा कि त ती रेकर्ड गरिएकाले हुनुपर्छ कि त रेडियो नेपालले प्रसारण गरेकाले हुनुपर्छ भन्ने अहिले म सचेत अनुमान लगाउँछु ।

मेरालागि त्यस बेलासम्म पनि नजिकबाट रेडियो सुन्न पाउनु सम्भव थिएन र कसैको घरभित्रबाट हावामा तरङ्गित हुँदै आएको आवाज सुनेरै चित्त बुझाउनु पर्ने अवस्था थियो । रेडियो सुन्ने लालसाले नै मलाई मेरो एकजना सहपाठीका बाबु र सानीआमाले हाम्रो टोलमा खोलेका चियापसलमा घरी न घरी, कुनै न कुनै निहुँले पुऱ्याउँथ्यो । उनीहरूको चियापसल हाम्रो घरभन्दा पाँच/छ घर पर्तिर सडक छेउमै थियो । त्यहाँ मानिसहरू विशेषतः बिहान झुम्मिन्थे । बिहान एक गिलास चियाचाहिँ चिया दोकानमै गएर खानुपर्छ भन्ने नयाँ मान्यताले भर्खरभर्खर वयस्कहरूलाई गाँजेको थियो क्यारे ! मलाई त्यो चिया दोकान रमाइलो लाग्दथ्यो र घरमा कुनै काम गर्नु नपरेको वा पढ्नु नपरेको बेला म त्यहाँ टुप्लुकिन्थे । त्यसको मुख्य कारण त्यहाँ निरन्तर बजिरहने रेडियो थियो । साथीसित खेलेजस्तो गरे पनि मेरा कान भने सदा रेडियोबाट आउने गीतहरूमा टाँसिएका हुन्थे ।

मेरो सहपाठीका बाबु थिए जण्ड प्रकृतिका । उनी सिकर्मी थिए र घर बनाउने ठेक्का पट्टाको काम लिन्थे । उनी बेलुकी टुइँक्क परेर घर आउँथे र बिहान चिया पसलमा बेलुकाकै धङ्धङीमा हान्ने गोरुझैँ आँखा राता पारेर बस्थे । मेरो चित्त रेडियो सुन्नमा अडिने गरेको बुझेर होला, मलाई भगाउनलाई हो वा चिढाउनलाई हो, उनी गीत बज्दाबज्दै बीचैमा रेडियोको स्वीच निमोठेर त्यसलाई तामिल, तेलगु, चिनियाँ वा यस्तै नबुझिने कुनै भाषामा कार्यक्रम आइरहेको स्टेसन लगाउँथे र भन्थे– "सधैँ गीत सुनेर हुँदैन, रेडियोबाट अरू भाषा पनि सिक्नुपर्छ ।" अनि आफू पनि ध्यानपूर्वक सुनेर बुझेजस्तो गर्थे । उनीसँग तर्क गर्ने न मेरो हैसियत थियो न त्यसको कुनै अर्थ नै रहन्थ्यो । त्यसलाई 'यहाँबाट भाग' भन्ने सङ्केत बुझेर दिक्दारीसाथ म घरतर्फ लाग्थेँ ।

त्यसरी स्टेसन बीचैमा बदलिदिनाले गीत सुन्न नपाउने मेरो समस्याको समाधान 'घुमाउने घर' मा ताप्लेजुङ दोभानका एक जना साहूजीले आएर ठूलो किराना पसल खोलिदिनाले भयो । हाम्रो घरै सामुन्ने काठैकाठले बनेको दुईतले बाटुले घर थियो नयाँ र पुरानो बजारलाई छुट्ट्याउने साँधजस्तो बनेर उभिएको । त्यसलाई हामी 'घुमाउने घर' भन्थ्यौँ । त्यसैको भुइँतलामा पहाडबाट झरेका ती साहूजीले पसल थापेका थिए । टोलका पुराना बासिन्दाहरूद्वारा 'दोभाने' नामाकरण गरिएका ती साहूजीको पसलमा अहोरात्रझैँ रेडियो घन्किरहन्थ्यो । अब म रेडियो सिलोनको *बिनाका गीतमाला*मा अमीन सयानीका गलाबाट निस्कने 'भाइयों और बहनों' भन्ने सम्बोधन घरै बसी-बसी सुन्न सक्थेँ र रेडियो नेपालबाट बज्ने नेपाली गीतका गेडाहरू घरैबाट खुटयाउन सक्थेँ । मलाई भगाउने मनसायले

बिनाकारण रेडियो स्टेसन बदलिरहने बाबु भएका मेरो सहपाठीको चिया पसलमा मैले गइरहन परेन ।

रेडियोबाट बज्ने मन परेका गीतलाई म सकेसम्म टिप्ने गर्थें । तर आफ्नो टिपाइको रफ्तार गीतको गतिभन्दा जहिले पनि ढिलो हुने हुनाले प्रायशः गीतहरू अधुरा रहन्थे । फेरि भनेका बेला हातमा कापीकलम पनि हुने कुरा आएन । त्यसले गर्दा कहिलेकाहीँ अधुरा मात्र होइन अर्थ न वर्थका गीत पनि गाउने अवस्था हुन्थ्यो । एकपल्ट त्यस्तै भयो । मभन्दा एक खुड्किला माथिल्लो कक्षामा पढ्ने छिमेकका एकजना विद्यार्थीले एकदिन कहाँबाट हो छापिएका गीतहरूको एउटा पुस्तिका लिएर आयो । रेडियो नेपालबाट बज्ने नेपाली गीतहरूको त्यस सँगालोमा त्यस बेला हामीलाई औधी मनपर्ने र हाम्रो ओठमा झुण्डिएको किरण खरेलद्वारा रचित तारादेवीले गाएको ‘हिमालको काखमा छ सानो मेरो गाउँ’ भन्ने गीत पनि थियो । त्यस गीतको सबै बोल कण्ठ हुन सकेको थिएन । त्यस्तो बेलामा छापिएको गीत पाउँदा हामीलाई ठूलै सम्पत्ति पाएजस्तो भयो । हामी त्यही छापिएको गीत पढेर स्वरमा स्वर मिलाउँदै गाउन थाल्यौँ । त्यस गीतको एउटा पङ्क्ति भने यसरी छापिएको थियो- ‘प्रभातमा चम्किएको मोतीजस्तो तशी’ । लय मिल्थ्यो, त्यसैले छापिएको गीतको अक्षर नबिराई त्यसरी नै गायौँ हामीले निकै पटक । मुद्रित कुरा हाम्रालागि ब्रह्मवाक्य थिए । तर ‘तशी’ को माने खुलिरहेको थिएन र यो कुरा मेरो मनमा खट्किरहेको थियो । अर्कोपटक रेडियोमा त्यो गीत बज्दा मैले निकै ध्यान दिएर त्यस पङ्क्तिलाई सुनेँ र त्यो शब्द तशी नभई ‘शीत’ भएको पत्ता लगाएँ । त्यसका साथै त्यस शब्दको अर्थ पनि छर्लङ्ग भयो र छापिएका सबै कुरा साँचो ठानेर पत्याउन नहुने रहेछ भन्ने ज्ञान पनि खुल्यो ।

आफ्नो रेडियो नहुनु र बाटामा हिँड्दा अरूका घर तथा पसलमा बजेका रेडियो मात्र सुन्नाले रेडियो नेपालले केवल नेपाली गीत मात्र बजाउँछ भन्ने भ्रम पनि हामीमा परेको थियो । त्यो भ्रम निकै समयसम्म रहिरह्यो । एक दिन म र मेरो एकजना सहपाठीले नयाँबजारको शनिबारे हाटमा रेडियो नेपालबाट हिन्दी फिल्मको गीत बजिरहेको सुन्यौँ । त्यो गीत थियो उसबेला खूब चल्तीमा रहेको ‘जब प्यार किसिसे होता है’ फिल्ममा मोहम्मद रफीले गाएको ‘जिया हो जिया हो’ भन्ने । फिल्ममा गाए जसरी हुबहु त्यो गीत रेडियोमा आएको सुनेर हामी दुवैले के ठहर गऱ्यौँ भने फिल्मको गीत रेडियो नेपालका कलाकारहरूले टिपेर मौलिक गीत जसरी नै गाएका हुन् । धेरैपछि हामीले आफ्नो अनभिज्ञता थाहा पायौँ र बुझ्यौँ रेडियो नेपालले पनि हिन्दी फिल्मका रेकर्ड नै बजाउने गर्दो रहेछ भनेर ।

रेडियोसित सीधा पहुँच नहुनाले धेरै पछिसम्म पनि गीतबाहेक सम्झन लायक कुनै समाचार सुनेको याद छैन । २०१७ सालमा राजा महेन्द्रले त्यस बेलाको संसद भङ्ग गरेर सारा शक्ति आफ्नो हातमा लिएको बखत सनसनी फैलिएको थियो । त्यसबखत राजा महेन्द्रद्वारा शाही घोषणा भयो वा भएन त्यो हामीलाई थाहा थिएन । उनको त्यस कदमबारे थाहा पाएको हवाईजहाजबाट पर्चा छरिँदा मात्र हो । 'आगे प्रजा गैह्र के ...' भनेर सम्बोधन गरिएको त्यस्तो पर्चा डकोटा हवाईजहाजले धरान बजारमा धेरै तलबाट उड्दै झारेको थियो । त्यस पर्चामा राजा महेन्द्रले आफूले शासनभार लिएको र लिनाको कारण खुलाइएको थियो ।

घर नजिकको भगवती मिडिल स्कूलबाट उत्तीर्ण भएर धरान पब्लिक हाइस्कूलमा भर्ना भएपछि बिदामा बाहेक प्रत्येक दिन धरान बजारको मुख्य छाता चोक ओहोरदोहोर गर्नुपर्ने भयो । त्यस बेला छाता चोक धरान बजारको मुख्य थलो र व्यापारिक स्थल थियो । त्यसै चोकबाट चतरातर्फ जाने चतरालाइन भनिने सडक छेउमा पब्लिक हाइस्कूल थियो । नगरको एक कुनाबाट बजारको झण्डै केन्द्रीयस्थलमा प्रत्येक दिन जानेआउने गर्नुपर्नाले मेरो भौतिक संसार निकै फराकिलो भएको थियो । अब आफ्नो चोकमा मात्र होइन छाता चोकका पनि पसल र पान दोकानहरूमा घन्किने रेडियोका गीतहरू म सुन्न सक्थेँ ।

मिडिल स्कूलमा सानो क्लासमा हुँदा हामी धेरैजसो हिन्दी फिल्मका गीतहरू नै गाउँथ्यौ । तिनै गीत चल्तीमा थिए, सहज पनि तिनै लाग्थे । हुन त मिडिल स्कूलमा कविवर माधव घिमिरेले रचेको 'गाउँछ गीत नेपाली' हाम्रो प्रार्थनागीत थियो । विराटनगरको हिमालय टाकिजको सान्निध्यले मभित्र रोपिदिएको हिन्दी फिल्मका गीतप्रतिको आकर्षणको बीउ धरानमा शिवसिनेमा हल खुलेपछि त उम्रिएर हुर्किएको थियो । एक हप्ताभन्दा बढी समय चल्ने सिनेमा कमै हुन्थे र सबै फिल्म नबिराई हेर्न द्रव्यको अभावले सम्भव हुन्थेन । तर राम्रा ठहरिएका फिल्महरू हेर्न भने कुनै यत्नले 'थर्ड क्लास' को टिकट खर्च जुटाएर सिनेमा हलमा पुगिहालिन्थ्यो । आफूले हेरेका फिल्महरूको सूची पनि जतनले कापीमा लेखेर राख्थ्यौँ र त्यस्तो सूची एकआपसमा भिडाएर कसले बढी फिल्म हेरेको भनी ठहर गर्थ्यौं । बढी सिनेमा हेर्नु गर्वको विषय थियो हामी आपस्तमा ।

फिल्मका राम्रा लागेका गीतका धुन दिमागमा टाँसिन्थे र तिनलाई रेडियोमा सुन्न पाइने आशा मनमा झुण्डिरहन्थ्यो । धेरै फिल्मका गानाहरू कण्ठाग्र आउँथे । तिनै गीत गाएर मोर्टन चकलेट, कापी वा सिसाकलमको पुरस्कार पनि पाउने गर्थें म सानो छँदा । तर हाइस्कूल पुग्दासम्ममा किशोरवयका हामीले

गाउने नेपाली गीतहरू मनग्गे भइसकेका थिए । प्रायशः शुक्रबारका दिन अन्तिम पिरियडमा गोष्ठी हुन्थ्यो शिक्षककै देखरेखमा । विद्यार्थीहरूमध्ये कोही कविता वाचन गर्थे, कोही गीत गाउँथे । त्यसरी गाइने गीतहरू नेपाली हुन्थे, हामीले रेडियोमा सुनेर टिपेका ।

त्यस बेलासम्ममा बच्चुकैलाश, पुष्प नेपाली, अम्बर गुरुङका गीतहरूसित हाम्रो परिचय भइसकेको थियो । 'भो भो नसोध अब केही मलाई' र त्यसपछि 'स्वर्गकी रानी मायाकी खानी' गीत गाउने नारायण गोपाल अनि 'गोरेटो त्यो गाउँको' गाउने प्रेमध्वज हाम्रो प्रिय गायक बनिसकेका थिए । अम्बर गुरुङको 'नौलाखे तारा' सँग हाम्रो परिचय भइसकेको थियो, तैपनि लोकप्रिय भने 'घामजून पञ्च' र 'ए कान्छा मलाई सुनको तारा' भन्ने गीतहरू थिए ।

पञ्चायत व्यवस्था लागू भएको सुरुआतको बेला थियो त्यो । पुष्प नेपालीले गाएको 'फर्क हे फर्क नेपाली' र 'नेपाल गौरव हाम्रो यो राम्रो पञ्चको सरकार' रेडियो नेपालबाट विशेष गरी बज्ने गीतहरू थिए । 'फर्क हे फर्क नेपाली' त हिट गीतहरूमै पर्थ्यो । थाहा छैन, रेडियो नेपालको प्राविधिक क्षमता त्यससमय वृद्धि भएको थियो वा के भएर हो एकाएक नेपाली गीतहरू जतातते सुनिन थालेका थिए । कहाँसम्म भने फिल्म सुरु हुनुअघि र मध्यान्तरको समयमा सिनेमाहलमा पनि नेपाली गीतका रेकर्डहरू बज्न थालेका थिए । अरूणा लामाका 'हेर न हेर कान्छा' र 'भुलिदेउ पीर' सिनेमाहलमा बजिरहने त्यस्ता गीतहरू थिए ।

सिनेमाहल र रेडियोबाहेक धरानमै बसीबसी नयाँनयाँ नेपाली गीत सुन्न पाउने हाम्रो अर्को स्रोत दार्जीलिङ थियो जहाँबाट मानिसहरू मलाया जानलाई ब्रिटिश क्याम्प घोपामा भर्ती हुन आउने गर्थे । भर्तीको मौसम दशैँताका पर्थ्यो र त्यसका साथै दार्जीलिङका तन्नेरीहरूको हूल धरानमा देखा पर्थ्यो । उनीहरूले आफूसाथ कपाल कोराइ र लुगा लगाइको नयाँ फेशनका साथै दार्जीलिङमा चलेका नयाँ गीतका धुनहरू पनि बोकेर आउँथे । अम्बर गुरुङको 'बाँध बाँध ओठमा बाँध' गीत हामीले तिनै दार्जीलिङे युवाहरूका माध्यमबाट सिकेका थियौँ ।

रेडियो सिलोनबाट प्रत्येक बिहान प्रसारित हुने *आप ही के गीत* नामक एक घण्टा लामो फर्माइसी कार्यक्रम मलाई औधी मन पर्थ्यो । दोभाने साहूको रेडियोमा मैले चाहेझैँ सधैँ गीतहरू बज्दैनथे । त्यसैले आफ्नो घरबाट केहीमाथि रहेको सहपाठी गोविन्द बोहोराका घरमा जाने गर्थें । गोविन्द बोहोराले पछि गोविन्द विकल भएर कविका रूपमा ख्याती कमायो । रेडियो त उसको घरमा पनि थिएन, तर उसैको घरसित टाँसिएको अर्को घरमा भने रेडियो थियो ।

काठमाडौँबाट त्यहाँ डिस्टीलरी खोल्न पुगेका मानन्धर परिवारको घर थियो त्यो । साहू मानन्धरका दुई छोराहरू हाम्रा सहपाठी थिए र उनीहरूको कोठामा आफ्नै एउटा रुसी ट्राञ्जिस्टर थियो बोकेर जतासुकै लान मिल्ने । उनीहरू त्यसलाई 'खेलौना' भन्थे र त्यसलाई खेलौनाजस्तै खेलाउँथे पनि । ओछ्यानमा, टेबुलमा, कुर्सीमा, भुइँमा जतासुकै जुनसुकै ढङ्गले राखेर उनीहरू त्यसलाई बजाउँथे । कहिले होला आफ्नै यस्तो रेडियो भन्ने मनमा लाग्थ्यो मलाई । उनीहरूको आर्थिक सम्पन्नताले गर्दा उपलब्ध भएको त्यस खेलौनाले दिने आनन्दको एकछिन भए पनि उपभोग गर्ने लालसामा गोविन्दसित म त्यहाँ पुग्थेँ । हामीहरूको अनुरोधबमोजिम रेडियो सिलोन वा अल इण्डिया रेडियोको नेपाली कार्यक्रम वा रेडियो नेपाल बजाइदिन्थे, त्यही हामीलाई लाख हुन्थ्यो । तर एक त ती स्टेसनहरू सर्टवेभमा आउँथे र त्यसमाथि रुसी ट्राञ्जिस्टर । 'मोस्कवा' वा यस्तै केही थियो त्यस ट्राञ्जिस्टरको नाम । धातुको नभएर पहेँलो प्लास्टिकको बाह्य आवरण भएको त्यो ट्राञ्जिस्टर निकै भद्दा थियो । बेलाबेलामा बज्दाबज्दै स्टेसन आफैँ हराउँथ्यो वा बजे पनि च्वाइँचुइँको आवाजले खलल पुऱ्याइरहन्थ्यो ।

त्यसरी च्वाइँचुइँ नगरी सफासित बज्ने र रुसीभन्दा कैयौँ ज्यादा चिटिक्क, छरितो र हलुका जापानी ट्राञ्जिस्टरहरू बजारमा त्यसै बेलातिर देखा पर्न थालेका थिए । मानिसहरू जापानी 'नेशनल पानासोनिक' ट्राञ्जिस्टरलाई कपडाको खोल हाली झोलाजस्तो काँधमा भिरेर हिँड्थे । त्यसरी काँधमा ट्राञ्जिस्टर भिरेर अरूलाई सुनाउँदै हिँड्नु रेडियो धनीहरूका लागि शोख र शान दुवै विषय हुने गर्थ्यो ।

यस्तैमा धनकुटाबाट एकपटक मेरा फुपा हाम्रो घर धरान आउनुभयो, त्यस्तै हातमा खेलाउन हुने छरितो जापानी ट्राञ्जिस्टर बोकेर । म उहाँको जेठानको जेठो छोरा, हाइस्कूल पढ्दै गरेका ठिटो जसको घरमा उहाँ पाहुना लाग्न आउनु भएको थियो । मैले उहाँको रेडियो चलाउन नपाउने कुरै थिएन । मानन्धर बन्धुहरूको रुसी ट्राञ्जिस्टर छुन पनि धक लाग्थ्यो, केही बिग्रिहाल्ला कि भनेर । यहाँ त आफ्नै फुपाको ट्राञ्जिस्टर थियो र मेरो उत्कट चाहना देखेर "बजाउ न" भनेर हातमा राखिदिनु भएको थियो । अस्थायी रूपमै भए पनि राम्रो र महङ्गो खेलौना मेरो हातमा परेको थियो । मैले त्यो रात धेरै अबेरसम्म सर्टवेभ र मिडियमवेभका ब्याण्डहरू फेर्दै थाहा पाएका नपाएका स्टेसनहरू खोज्दै तिनबाट प्रसारण हुने कार्यक्रम सुन्दै बिताएँ अनि ट्राञ्जिस्टरलाई छातीमा राखेर फुपाको छेउमा निदाएँ । त्यो रात त्यस सानो ट्राञ्जिस्टरले मलाई स्वर्गीय सुखको अनुभूति दिएको थियो ।

मैले एसएलसीको फलामेढोका पार गरिसकेको थिएँ जब मेरा बा जानु भयो उसबेलाको सोभियत सङ्घमा । उहाँलाई क्षयरोगको सिकायत थियो र नेपाल मजदूर सङ्गठनसितको उहाँको संलग्नताले सोभियत सङ्घमा उपचारार्थ जान सम्भव भएको थियो । लगभग डेढ वर्ष लामो बसाइपछि फर्कंदा उहाँले लिएर आउनु भएका रुसी वस्तुहरूमा एउटा ट्राञ्जिस्टर पनि थियो, मानन्धर बन्धुको भन्दा नयाँ र सुधारिएको मोडेलको । मैले चाहेकै ट्राञ्जिस्टर रेडियो थियो । आफ्नै ट्राञ्जिस्टर बजाउने मेरो धोको आखिर पूरा भयो २०२३ सालतिर आएर ।

अब के थियो, बिहान आउने अल इण्डिया रेडियोका नेपाली कार्यक्रमदेखि रेडियो सिलोन, खरसाङ रेडियो, विविध भारतीको *पञ्चरङ्गी प्रोग्राम*देखि कहिलेकाहीँ रेडियो मस्को र रेडियो पेकिङको नेपाली कार्यक्रम आफू खुशी सुन्न सक्ने भएँ, रेडियो नेपाल त छँदै थियो । मनपर्ने गीति कार्यक्रम आउने विभिन्न स्टेसनहरूको ब्याण्ड र समय कण्ठैजस्तो भयो । अब पहिलेजस्तो सुनेर गीत याद गरिरहनु पर्ने समस्या पनि रहेन । मन परेको कुनै गीत रेडियोमा बज्नैबित्तिकै झटपट कापीमा सार्न पनि सकिने भयो । तर मेरो सङ्गीत श्रवण र बाको समाचार श्रवणको समय कहिलेकाहीँ जुध्ने गर्थ्यो र त्यस्तोमा स्वभावतः समाचार श्रवणले प्राथमिकता पाउँथ्यो । त्यस्तो बेला आफ्नो सङ्गीत श्रवणको हक हरिएकोमा मलाई केही नमज्जा लाग्थ्यो । तर कालान्तरमा समाचार श्रवणको रस पनि भिज्दै गयो र त्यसले मलाई गीतका साथसाथै समाचारका स्रोतहरू चहार्ने बनायो । बीबीसी लण्डनको हिन्दी कार्यक्रममा रत्नाकर भारतीद्वारा प्रस्तुत गरिने *आजकल* मेरो 'फेवरेट' बन्न पुग्यो । रेडियो नेपालको उसबेला समाचार प्रसारणअघि बज्ने "सुन्दरजी बाघै मऱ्यो धुनैले" भन्ने गीतमा आधारित सङ्केत धुन त अझै मेरो कानमा गुञ्जन्छ ।

ट्राञ्जिस्टर रेडियोको उपयोग त्यतिञ्जेलसम्म पनि व्यापक बनिसकेको थिएन । त्यही रुसी ट्राञ्जिस्टर भएकै भरमा मलाई एक पटक फुस्रेको एक अपरिचित परिवारले आफ्नो पारिवारिक पिकनिकमा निम्त्याएको थियो, मेरो एकजना मित्रमार्फत । ट्राञ्जिस्टरमा लाग्ने ब्याट्री हाल्ने जिम्मा उनीहरूको, मैले केवल ट्राञ्जिस्टर लिएर गई दिनभरि पिकनिकमा बजाइदिन पर्ने । त्यो नै अचेल हाइफाई स्टेरियो लगेर बजाएजस्तो भएको थियो उसबेला ।

अहिले *अनुरोध सङ्गीत* भनिनेजस्तै कार्यक्रम उसबेला *फर्माइसी गीत* भनेर आउने गर्थ्यो रेडियो नेपालमा । त्यो कार्यक्रम हामी ठिटाहरू माझ निकै लोकप्रिय थियो । आफैले आफ्नो फर्माइस लेखेर कहिल्यै नपठाए पनि अरूको नामको फिहरिस्त सुन्दाखेरि नि रमाइलै लाग्थ्यो । कति नाम त यस्ता थिए जो

हरेक फर्माइसमा नियमितजसो आइरहन्थे । वीरगञ्जका विद्या नेपाली र मङ्गल नेपाली यस्तै सधैँ सुनिने नामहरू थिए । ती फर्माइसकर्ताहरू साँच्चिकै थिए वा कार्यक्रम सञ्चालकका दिमागका उपज थिए त्यो भगवान नै जानून् । फर्माइसमा बज्ने गीतहरू अधिकतर हाम्रै रुचिका हुने गर्थे । त्यसो भएपछि आफूले हुलाक टिकटमा खर्च गरी अनुरोध पठाइरहने कामै थिएन । यद्यपि आफ्नो नाम रेडियोमा सुन्न पाउँदा कस्तो अनुभव होला भन्ने रोमाञ्चक कल्पना मनमा आउँथ्यो । हामीभन्दा माथिल्ला तहमा पढ्ने जेठा विद्यार्थीहरू फर्माइसी कार्यक्रममा फटचाँइ गर्थे भन्ने सुनेका थियौँ । उनीहरू धरानका जानेमाने हस्तीहरूका नामसित बदनाम चरित्रका भनेर चिनिएका व्यक्तिहरूको नाम जोडेर रेडियोमा फर्माइस पठाउँथे रे । तर त्यस्ता खालका इत्रिएर पठाइएका फर्माइसी नामहरू आफ्नै कानले भने हामीले कहिल्यै सुन्न पाएनौँ ।

रेडियो सिलोनमा हिन्दी फिल्मका विज्ञापनहरू प्रशस्त बज्ने गर्थे र प्रायोजित कार्यक्रमहरू पनि हुने गर्थे । *बिनाका गीतमाला* नै त्यसको उदाहरण थियो । 'बिनाका' दन्तमञ्जनको एउटा ब्राण्ड थियो । तर रेडियो नेपालको अवस्था भने त्यस्तो थिएन । विज्ञापन सङ्गीत वा 'जिङ्गल' त्यस बेला बज्दैनथ्यो । ध्रुव केसीले गाएको बाँसबारी छालाजुत्ताको विज्ञापन गीत पहिलोपटक रेडियोमा सुन्दा धेरैले त्यसलाई एउटा पूर्ण गीत ठानेका थिए । त्यो थियो पनि एउटा गीत जत्तिकै लामो । त्यसको धुन पनि कर्णप्रिय थियो । त्यही नै रेडियो नेपालमा बजेको पहिलो विज्ञापन गीत थियो कि त्यो त म भन्न सक्तिनँ । तर मैले सुनेको भने त्यो अवश्य पनि पहिलो विज्ञापन गीत थियो । त्यसको केहीपछि रेडियो नेपालले बजाएको अर्को विज्ञापन गीत थियो शिवशङ्करले गाएको जसको धुन अझै सम्झनामा बजिरहन्छ । 'यो किन्न नपर्ने बारम्बार' भन्ने बोलको त्यो गीत स्टीलका भाँडावर्तनको विज्ञापन थियो ।

रेडियोमा कसरी गीत बजाइन्छ, कसरी रेडियो नाटक खेलिन्छ, कसरी समाचार पढिन्छ, रेकर्डिङ कसरी हुन्छ र गीत रेकर्ड गर्ने ठाउँ कस्तो हुन्छ ? यी सबै ठूला कौतूहलका विषय थिए, आफ्नो ज्ञान र जानकारी बाहिरका । २०१८ सालमा बेलायतकी महारानी एलिजावेथद्वारा नेपालको राजकीय भ्रमण भएको थियो । त्यस भ्रमणको डकुमेन्ट्री सायद त्यसको डेढदुई वर्षपछि हामीले धरानमा हेर्न पाएका थियौँ । त्यसमा रेडियो नेपालको रेकर्डिङ स्टुडियोभित्र सङ्गीतकारहरूले बाजा बजाइरहेको एक झलक हेर्न पाइएको थियो, त्यत्ति हो । तर दीप श्रेष्ठ काठमाडौँ आइदिनाले मेरा यी सबै जिज्ञासाहरू एकसाथ मेटिए । 'पत्थरको देवता' गाएर दीपले रेडियो नेपालमा गायकको रूपमा आफूलाई स्थापित गरिसकेको

थियो र रत्न रेकर्डिङ संस्थानका लागि नयाँ गीतहरू रेकर्ड गर्न सके २०२७ को अन्ततिर हुनुपर्छ ऊ काठमाडौँ आएको थियो । म भने त्यसभन्दा निकै अघि नै पढ्नलाई काठमाडौँ आइसकेको थिएँ । उसकै कारणबाट तानिएर म सिंहदरबार परिसरभित्र रहेको रेडियो नेपालको रेकर्डिङ स्टुडियोमा पहिलोपटक दाखिल हुन पाएँ । उसले डिस्क रेकर्ड गर्ने गीतहरूमा मैले लेखेका दुईओटा गीतहरू पनि परेका थिए र त्यस प्रकार मैले पनि गीतकारमा दरिने मौका पाएको थिएँ ।

पुष्प नेपाली, नातिकाजी र तारादेवीलाई त 'स्टेज शो' मा धरानमा स्कूल पढ्दै गर्दा नै देखेको थिएँ । तर अरू कलाकारहरूका नाम मेरालागि अनुहारविहिन थिए । रेडियो नेपालको स्टुडियोमा प्रवेश पाएपछि ती धेरै 'सेलेब्रिटी' नामले एकएक गर्दै आकृति ग्रहण गर्न थाले । त्यो निःसन्देह सुखद अनुभव थियो । त्यसबाहेक मैले एउटा रेडियो स्टुडियोभित्र हुने गतिविधिहरूबाट पनि आफूलाई परिचित गराउन पाएँ ।

हिजोआज सर्वसुलभ रहेको अडियो क्यासेट टेप र त्यसलाई सुन्ने प्रविधि आइपुग्नुभन्दा अघिको बेला थियो त्यो । आवाज स्पूलमा भर्नुपर्थ्यो र त्यसको मसीन भारीभरकम हुने गर्थ्यो । जो सुकैसित त्यो टेप रेकर्डर हुँदैनथ्यो पनि । 'टु इन वन' र टेपका चक्का नभएका बखतमा पनि हामीले रेडियोकै भरमा धर्मराज थापा, हरिप्रसाद रिमाल, जनार्दन समदेखि माणिकरत्न र अझ त्यसभन्दा पछिल्लो पुस्ताका युवा गायकहरू र तारादेवी, कोइलीदेवीदेखि दिलमाया खातीसम्मका गायिकाहरूलाई चिनेका थियौँ । उनीहरूले गाएका प्रत्येक गीतका सङ्गीतकार तथा गीतकार को हुन् भन्ने सम्मको हिसाब राख्दथ्यौँ । औधी नै आकर्षण थियो रेडियोमा बज्ने गीतहरूको ।

अहिले रेडियोका तरङ्गहरू जताततै छरिएका छन् । सर्टवेभ र मिडियम वेभको तरङ्गमा 'फ्रिक्वेन्सी मोडुलेशन' थपिएर प्राविधिक गुणवत्तामा आकास जमिनको अन्तर आएको छ । अनेक एफएम रेडियो स्टेसनहरू सहरसहरमा एकआपसमा प्रतिस्पर्धा गरिरहेछन् श्रोताहरूको मन जित्न । रेडियो सुन्नु मात्र होइन, रेडियो राख्नु सामान्य कुरा भएको छ । बजारमा सबैले खरीद गर्न सक्ने सस्ता ट्राञ्जिस्टरहरूको पौल छ । अनगिन्ती गायक, गायिका, गीतकार र सङ्गीतकारहरू सङ्गीतको दुनियामा पदार्पण गरेका छन् ।

माथि मैले उल्लेख गरेका प्रसङ्गहरूको समय-साँध २०२७ साल हो । अहिले रेडियो श्रवणमा म त्यो रोमाञ्च र कौतूहलको अनुभव गर्दिनँ जो पैंतीस वर्षअघि गर्थें । गीतका लागि वास्तवमा म अहिले रेडियो सुन्दै सुन्दिनँ भन्दा पनि हुन्छ । समयको फेर भनेको सायद यही होला ।